# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, श्रावण ९ गते २०१९ साल

श्री ५ को सरकार
अर्थ मन्त्रालयको
सूचना

श्री माननीय अर्थ मन्त्रीज्यू श्रीसूर्यबहादुर थापाले सम्बत् २०१९ साल श्रावण ९ गते दिनु-भएको आर्थिक वर्ष २०१९।२० को बजेट वक्तव्य र आर्थिक विवरण सर्वसाधारणको जान-कारीको लागि प्रकाशित गरिएको छ।

देशका दाजु–भाइ, दिदी बहिनीहरू,

श्री ५ महाराजाधिराजको नेतृत्वमा शुरू भएको पञ्चायत व्यवस्था पछिको दोस्रो वार्षिक आर्थिक विवरण तपाईंहरूको समक्ष प्रस्तुत गर्न पाउंदा मलाई हर्ष लागेको छ। आज नयां व्यवस्था प्रारम्भ भएको करीब डेढ वर्ष जति भइसकेको छ र यस अवधिभित्र केही मात्रामा देशको आर्थिक तथा वित्त सम्बन्धी अवस्थाको मूल्यांकन गर्नुपर्ने आवश्यकता देख्दछु। गत वर्षको बजेटमा आर्थिक अवस्था सुदृढ तुल्याउने विषयमा कतिपय उपायहरूका समेत उल्लेख भएको थियो। सरकारको विभिन्न कदमहरूको फलस्वरूप आर्थिक परिस्थिति एकदम सुदृढ हुन नसके तापनि आज केही न केही मात्रामा सुध्रंदैछ। आर्थिक अवस्था सुध्रंदै गएको कुरा सरकारी कार्यको विभिन्न परिणामले देखाउंदै आएको छ र गत वर्ष सम्पन्न भएका वा अहिले चालू विभिन्न विकास कार्यहरूको नेपालको आर्थिक जीवनमाथि महत्वपूर्ण असर पर्न जान कुरा स्वयंसिद्ध छ। मेरो भनाइको तात्पर्य यो होइन कि देशमा समस्याहरू नै छैनन। गत



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आर्थिक वर्षको प्रारम्भमा विचारसम्म पनि नगरिएका कतिपय घटनाहरु आर्थिक वर्षमा बखत बखतमा घटे र तिनको समाधानतिर सरकारले विशेषरूपले लाग्नु पर्‍यो । कतिपय यस्ता समस्याहरु अझै पनि समाधान भैसकेका छैनन् र यस आर्थिक वर्षमा पनि त्यतातिर सरकारले विशेष रूपले ध्यान दिनुपर्नेछ। यसमा समस्याहरूको पृष्ठ भूमिमा समेत श्री ५ महाराजाधिराज सरकारको नेतृत्वमा देशको आर्थिक अवस्थामा सुधार हुंदै जानु हामी सबैको सौभाग्य हो।

कुनै पनि देशको आर्थिक अवस्थाको सूचक (Indicators) मध्ये मूल्य, रहनसहनको स्तर आन्तरिक पूंजी संकलन, उत्पादनको स्तर, सरकारी तथा व्यक्तिगत क्षेत्रको खर्च आदि प्रमुख हुन् । सैद्धान्तिक रूपले अपनाइएका कतिपय यस्ता सूचकहरूको तथ्यांक देशमा संकलन हुनसकेका छैनन् । देशभरको दोस्रो जनगणना गत साल सम्पन्न भएको हो । कृषि गणना कार्य धमाधम हुंदैछ र यसको प्रारम्भिक नतीजासमेतको निमित्त अरू एक वर्ष जति पर्खनु पर्नेछ । सामान्यरूपले श्री ५ को सरकारका केही सम्बन्धित विभागहरु र नेपाल राष्ट्र-बैंकले समेत केही आवश्यक तथ्यांक संकलन गर्दै आएका छन्। यसमा तथ्यांकहरूको आधारमा निकालिएको आर्थिक चित्र अवश्य नै पूर्ण मान्न सकिन्न। तर देशको साधारण आर्थिक गति-विधिको तुलनात्मक मूल्यांकन अवश्य नै पनि तिनको आधारमा दिन सकिन्छ।

नेपाल कृषिप्रधान देश भए तापनि परम्परागत खेतीले गर्दा कृषिको उत्पादनशक्ति साधारणतया कम छ। विगत वर्ष वर्षाद समयमै भएकोले कृषि उत्पादनमा साधारणतया केही वृद्धि भएको अनुमान छ । मोटामोटी रूपमा औद्योगिक उत्पादन पनि, ठूलठूला चलिरहेका उद्योग धन्धाहरूको उत्पादनको आधारबाट हेर्दा, केही मात्रामा बढ्दै गएको प्रवृत्ति देखिन्छ। २०१७ सालको तुलनामा २०१८ सालमा सलाईको उत्पादन करीब ११ प्रतिशत, जूटको मालहरूको उत्पादन करीब ८ प्रतिशत, चिनीको उत्पादन करीब ६ प्रतिशत तथा चुरोटको उत्पादनमा करीब ४ प्रतिशत वृद्धि भएको छ। साथै घरेलु उद्योग धन्धाको उत्पादनाम पनि बृद्धि हुंदैगएको अनुमान छ।

विभिन्न पदार्थहरूको मूल्य हेर्दा प्रथम वर्षीय योजनाको अवधिमा श्री ५ को सरकारले ने.रू. २१ करोडजति खर्च गरे तापनि बजन नदिएको ( Un-weighted ) मूल्य ४ प्रतिशतजति बढेको अनुमान गरिन्छ र २०१३ साल वैशाख महीनाको मूल्यलाई आधार मानी मुख्यतया काठमाडौंको बजारको वजन नदिइएको मूल्यको गतिविधि हेर्दा स्थानीय पदार्थहरूको मूल्यको सूचक २०१८ जेष्ठ मसान्तमा १०६ बाट बढी २०१९ जेष्ठ मसान्तमा ११५ पुग्न गएको अनुमान गरिन्छ। तौली चामलको मूल्यसूचक २०१८ साल वैशाखमा १३६ भएको २०१९ साल वैशाखमा १३९ र मार्सी चामलको मूल्य सूचक १२२ बाट १२३ पुगेको छ। गहुंको पिठोको मूल्य सूचक २०५ बाट ९१ र मकैको पिठो मूल्य सूचक ८१ बाट ८७ पुगेको छ। मासको दालको मूल्यसूचक ८५ बाट ६७ र घिउको मूल्य सूचक ११९ बाट घटी १११ पुगेको छ। यसको साथै आयात गरिने वस्तुहरूको मूल्यमा केही वृद्धि भएको छ, जुन भारतमा मूल्यको वृद्धि भएको कारणबाट हुन गएको हो।

१.२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वास्तवमा साधारणतया वस्तुहरूको मूल्यमा केही बृद्धि भएको देखिन्छ तापनि कुनै पनि विकासोन्मुख देशमा उन्नतिको पथतिर लाग्दा मूल्यस्तरमा बृद्धि हुनु स्वाभाविक हो। उदाहरणको रूपमा, भारतमा सन् १९५६।५७ को तुलनामा जुलाई १९६१ मा थोक (Wholesale) मूल्य २२ प्रतिशत बढेको थियो। साथै हाम्रो पहिलो पञ्चवर्षीय योजनाको अवधिमा मुद्रा प्रचलनको परिमाण ने.रू. ३ करोड १६ हजारबाट ने.रू. ९ करोड ३० लाख पुग्यो अर्थात् ३०० प्रतिशत बढ्न गयो र विगत १८ महीनामा अरू ने.रू. २ करोड ६४ लाख बढी मुद्रा प्रचलनमा आएको छ। यस परिस्थितिमा वस्तुहरूको मूल्यमा केही बृद्धि हुनु स्वाभाविक मान्न सकिन्छ।

नेपालमा ने.रू. को साथै भा.रू. को प्रचलनसमेत धेरै वर्ष अघिदेखि भइरहेको र यस परिस्थितिमा कुनै पनि कारवाइ गर्दा दुवै रकमको छुट्टाछुट्टै आयव्यय देखाउने प्रथा अपनाउनु पर्दथ्यो। यस समस्याको समाधानको निमित्त खास गरेर नेपाली र भारतीय वनिमय दरमा स्थिरता ( Stability ) ल्याउने उद्देश्यले २००८ सालदेखि यता विभिन्न कदमहरू उठाइए र २०१७ साल वैशाख १ गते सरकारले १६०।– को भाउमा ने.रू. र भा.रू. लाई परिवर्त्य अर्थात् अपरिमितरूपमा खरीद बिक्री गर्न पाइने (Unlimited Convertibility) व्यवस्था गरयो। त्यस बखतदेखि विनिमय दर एकदम स्थिर हुन गएको छ र दर ठेक्ने पूरा एकाधिकार श्री ५ को सरकारमा व्यावहारिक रूपले आएको छ। उपलब्ध तथ्यांकको आधारमा २०१८ साल माघ मसान्तसम्मको खरीद बिक्रीको कारोबारमा लगभग १ करोड १८ लाखको अधिक भा.रू. खरीद भएको छ। यसबाट नेपाल अधिराज्यभर ने.रू. प्रचलन गराउन एक अनुकूल वातावरणको सृजना भएको छ। नेपालभरि खालि नेपाली मुद्रामात्र चलाउने दिशापट्टि श्री ५ को सरकारको ध्यान गएको छ र केही समयमा नै यसको निमित्त सही कदमहरू लिइनेछ

साथै केही बर्षदेखि यता विदेशी परिवर्त्य मुद्रा (Convertible foreign exchange)को मौज्दात बढ्दै गएको देखिन्छ। श्रावण २०१४ सालमा ने.रू. ९३ लाखजतिको विदेशी मुद्राको मौज्दात रहेकोमा, पौष २०१७ मा ने.रू. ४ करोड ६ लाख र अहिले (आषाढ २२ गते) ने.रू. ७ करोड ६० लाख पुग्न गएको छ। आज जबकि एशियाका कतिपय देशहरूमा विदेशी मुद्राको कमी एक ठूलो समस्या हुंदै गएको छ। यस परिस्थितिमा पनि विदेशी मुद्राको सञ्चय हुंदै गएको देखिन्छ। यसबाट पनि देशको आर्थिक अवस्था केही न केही रूपमा सुदृढ हुंदै गएको देखिन्छ।

आर्थिक वर्ष २०१८।१९ आयव्ययको दृष्टिबाट निरुत्साहवर्धक भन्न सकिन्न। आर्थिक वर्षको ९ महीनाको यथार्थको आधारमा वर्षभरिको संशोधित अनुमान तयार गरिएको छ। वास्तवमा गत केही वर्षहरूको तुलनामा गत वर्ष आय अनुमानको करीब करीबमा पुगेको प्रथम वर्ष हो। अनुमान गरिएको आयको ८३ प्रतिशत उठेको भन्ने संशोधित अनुमान छ। साधारणतर्फमात्र अनुमानित खर्चको ९० प्रतिशत खर्च भएको संशोधित अनुमान छ।

929

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

साधारण आयतर्फ आर्थिक वर्ष ०१८।१९ को निंति ने.रू. ९ करोड ९७ लाख र नयाँ कर प्रस्तावहरूबाट ने.रू. १ करोडसमेत अनुमान गरिएकोमा ने.रू. ९ करोड १० लाखभन्दा बढी हुननसकेको भन्ने संशोधित अनुमान छ । भन्सारबाट ने.रू. ३ करोड ८५ लाख अनुमान गरिएकोमा ने.रू. ३ करोड २२ लाखभन्दा बढ्न नसक्ने संशोधित अनुमान छ । त्यस्तै गरी मालपोतबाट ने.रू. २ करोड ८८ लाखको अनुमान गरिएकोमा ने.रू. २ करोड ८२ लाखजति उठ्न सकेको संशोधित अनुमान छ। जंगलबाट आउने आम्दानी ने.रू. १ करोड ४७ लाख अनुमान गरिएकोमा लकडीको कम विक्री हुन जानाले ने.रू. ८७ लाखमात्र उठ्न सक्ने संशोधित अनुमान छ। प्रमुख आयका साधनहरूको अनुमानभन्दा संशोधित अनुमान केही लाख घटी देखिन आएको छ । आयको अनुमानमा ९ प्रतिशत जतिको कमीले वास्तवमा सरकारलाई यस्ता कमीहरू कसरी पूर्ति गर्ने भन्ने विषयमा एक ठूलो अनुभव प्रदान गरेको छ । यस सम्बन्धमा सुदृढ आर्थिक नीति अपनाई अख्त्यारी तथा प्रशासकीय विकेन्द्रीकरण गर्दै लैजाने र फील्ड यूनिटमा समेत गएर कर्मचारीहरूलाई सरकारको नीति स्पष्ट गराउने दिशातिर यस आर्थिक वर्षमा ठूलो कदम लिइनेछ।

साधारण खर्चतर्फ अनुमानको ९० प्रतिशत जति संशोधित अनुमान पुग्न गएको छ । खर्चको अनुमान ने.रू. ११ करोड ५३ लाख गरिएकोमा संशोधित अनुमानको आधारमा ने.रू. १० करोड ३५ लाख पुग्न गएको छ ।

आर्थिक वर्ष २०१८।१९ को विकासतर्फको खर्च र कार्यक्रमको प्रगति विचार गर्दा श्री ५ को सरकारले पञ्चवर्षीय योजना र आगामी त्रिवर्षीय योजनाको बीच एक वर्षलाई योजनाको दृष्टिकोणबाट अन्तरिम वर्ष मानेको कुरा उल्लेख गर्नपर्ने देख्दछु । पञ्चवर्षीय योजनाकालमा भएका व्यवस्थामूलक त्रुटीहरू हटाई त्रिवर्षीय योजना सफलतापूर्वक कार्यान्वित गर्न चाहिने स्थिति बसाल्नु यस अवधिको मुख्य उद्देश्य थियो। यस काममा श्री ५ को सरकार कति सफल भएको छ त्यो मैले यहां दोहरचाइरहनु पर्ने होइन तर यस उद्देश्य पूरा गर्न चालिएका कदमहरू बारे केही बोल्न अप्रासंगिक होओइनजस्तो लाग्दछ ।

सर्वप्रथम यस वर्ष सर्वसाधारण जनतालाई स्थानीय प्रशासनमा शरीक गराउन र स्थानीय विकास कार्यमा अझ बढी मात्रामा सक्रिय योगदान दिने गराउन गाउं पञ्चायतहरूको गठन भएको उल्लेखनीय छ । हालसम्ममा ग्राम विकास केन्द्रहरूले केही सीमित क्षेत्रहरूमा विभिन्न ब्लकहरूबाट गरिआएको विकासको काम, अब देशव्यापी रूपमा एउटै व्यवस्थाको माध्यमबाट पञ्चायतहरूले सम्पन्न गर्नेछन् । यी गाउं पञ्चायतहरूको गठनले गर्दा स्थानीय साधनको उपयोग र स्थानीय विकास कार्यको सञ्चालन बढी दक्षतापूर्वक गर्न सकिनेमात्र होइन, स्थानीय विकासको लागि एक आधारभूत व्यवस्थासमेत बन्न जाने कुरा निःसन्देह छ । दोस्रो कुरा, सडकको क्षेत्रमा हालसम्म भएको प्रगति सन्तोषजनक नभएको र कामको अनुपातमा सडक निर्माण गर्ने संगठन धेरै ठूलो र खर्चिलो पनि भएकोले भिन्दै व्यवस्थाद्वारा सडक निर्माण गर्ने उद्देश्य राखिएको छ । अब सहायता प्रदान गर्ने देशहरूसित द्विदलीय समझौता गरी सडकहरूको निर्माण गर्ने नीति अपनाइएको छ। यस व्यववस्थाद्वारा सडक निर्माणको कार्यक्रम

922

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सुचारुरूपले कार्यान्वित गर्न सकिनेछ भन्ने मलाई लागेको छ। यसैगरी अरू क्षेत्रको कार्य व्यवस्थामा पनि कामको अनुरूप सुधार ल्याउनु पर्ने आवश्यकता श्री ५ को सरकारले महसूस गरेको छ र यस सम्बन्धमा लिइने कदमहरू बेला बेलामा तपाईंहरूलाई अवगत गराइने छ।

यस अन्तरिम वर्षको अनुभवले देशको वर्तमान आर्थिक स्थितिमा गर्न सकिने खर्चको क्षमताबारे पनि वास्तविक अन्दाज लगाउन सकिएको छ। देशमा उपलब्ध सीमित साधनको विचार गरी विकास कार्यको प्रगतिमा तीव्रता ल्याउन गत वर्ष श्री ५ को सरकारबाट केही कदमहरू चालिए। विकास कार्य कार्यान्वित गर्दा परिआउने बाधाहरू हटाउन अधिकारलाई बढी मात्रामा विकेन्द्रीकरण गरियो, नियमहरू अझ सरल बनाइयो र प्रोजेक्टहरूलाई चाहिने रकम यथाशक्य चांडै उपलब्ध गराइयो। तर यी कदमहरूको बावजूद पनि विकासको क्षेत्रमा सन्तोषजनक प्रगति हुन सकेन। २०१८।१९ को विकास बजेट ने.रू. १८ करोडको थियो, तर खर्चको परिमाण हेर्दा ने.रू. ८ करोड ६१ लाखभन्दा धेरै बढी भएकोछैन भन्ने संशोधित अनुमान छ। यस्तो स्थिति हुनको धेरै कारण छन्। जसको ठाउं र समयको कमीले गर्दा विस्तृत उल्लेख गर्न यहां सम्भव छैन। एक कारण त आयोजनाहरूलाई लाग्ने खर्चको राम्रो अनुमान नभएकोले बजेटमा परेका रकमहरू आवश्यकभन्दा धेरै राखिए। तर यसभन्दा पनि महत्वपूर्ण अरू कारणहरू छन्, जसमा केही व्यवस्था मूलक छन्, केही हाम्रो अविकसित स्थितिले गर्दा उत्पन्न भएका छन्। यी कारणहरु तुरुन्त हटाउन सम्भव छैन। यसैले खर्च गर्ने क्षमता र आयोजनाहरूको आवश्यकताको पनिदृष्टिकोणबाट यस वर्षको विकासतर्फको खर्च गत वर्षको भन्दा कम हुने कुरा स्पष्ट छ।

आर्थिक वर्ष २०१८।१९ सालमा कार्यक्रमको प्रगति विचार गर्दा गत वर्षहरूमाजस्तै सबभन्दा धेरै खर्च यातायात तथा सञ्चारका साधनको विकास तर्फ नै भएको देखिन्छ। देशको वास्तविक स्थिति हेर्दा यो समुचित नै देखिन्छ। खास गरी केही वर्ष अघि थालिएको रोप्वे र टेलिकम्युनिकेशनका प्रोजेक्टहरू यस वर्ष समाप्त प्रायः भएका छन्। अब केही दिनमा नै यी प्रोजेक्टहरू चालू हुनसक्नेछन्। चालू भएपछि प्रस्तुत रोप्वेबाट वर्षभरी काठमाडौंमा आवश्यक माल सामान ओसार्न सकिनेछ र राजधानीमा अभावले गर्दा हुने मुद्रास्फीति अब धेरै मात्रामा हटाउन सकिने छ भन्ने कुरामा सन्देह छैन। त्यस्तै टेलिकम्युनिकेशन प्रोजेक्ट पूरा भएपछि सञ्चरका साधनको कमी भएको हाम्रो देशमा खबरको आदान प्रदान सजिलैसित गर्न सकिनेछ। यस बाहेक अर्को ठूलो रकम सडक निर्माणतर्फ खर्च भएको छ। सडक निर्माणमा खर्च बढी भए पनि यस अनुपातमा लाभ हुन नसकेकोले निर्माणको व्यवस्थामा गरिएको परिवर्तनको मैले माथिनै उल्लेख गरिसकें। यसपछि कृषि र शिक्षातर्फ विशेष खर्च भएको देखिन्छ। उद्योगतर्फ कारखानाहरूको निर्माणको लागि उपयुक्त व्यवस्था नभएकोहुनाले गत वर्ष खर्चको परिमाण कम नै रह्यो। अब आवश्यक व्यवस्था खडा भैसकेकोले यसतर्फ प्रगति तीव्रतर होला भन्ने अनुमान गर्न सकिन्छ। बिजुलीतर्फ विभिन्न प्रोजेक्टको लागि माल

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सामान झिकाउने तर्फ विशेष कारवाइ भएको छ । यी मालसामान कार्यस्थलमा पुगेपछि यसतर्फ पनि यस वर्षदेखि विशेष प्रगति हुनेछ भन्ने मलाई लागेको छ ।

सरकारको आर्थिक बर्षको प्रारम्भमा धेरै बिषयहरूमा मितव्ययिता गरिनेछ भन्ने निश्चय गरेको थियो तापनि मैले माथि उल्लेख गरे बमोजिम बिबिध कारणहरूले गर्दा चिताए अनुस.र मितव्ययिता गर्न सकिएन । गत वर्ष ने.रू. ३ करोड ५० लाखको असन्तुलित बजेट पेश गरिएकोमा, साधारण तथा बिकास दुबैतर्फ लिंदा संशोधित अनुमान अनुसार सरकारले कूल ने.रू. २ करोड ६१ लाखको घाटा बेहोर्नु परेको देखिन्छ । २०१७।१८ स लमा खर्च भइ-नसकी २०१८।१९ मा सर्न आएको रकमबाट ने.रू. १ करोड २२ लाख, अल्पकालीन ट्रेजरी बिलबाट ने.रू. ७० लाख र राष्ट्र बैंकबाट अल्पकालीन ऋणबाट ने.रू. १ करोड उपरोक्त घाटा बेहोरिएका स्त्रोतहरू हुन् ।

नेपाल अधिराज्यमा प्रत्यक्ष तथा नयां किसिमका करहरूको प्रारम्भ आर्थिक वर्ष २०१६।१७ सालदेखि गरिएको हो । बिगत सरकारले आर्थिक वर्ष २०१६।१७ को निमित्त बिर्ता उन्मूलनको साथै केही नयां करहरू प्रस्ताबित गरयो । बिर्ता उन्मूलनबाट आउने अन्दाजी ने.रू. ६० लाख बाहेक अरू करहरूबाट केही असूल भएन भने पनि हुन्छ । आर्थिक वर्ष २०१७।१८ को निमित्त कुनै नयां करहरू प्रस्ताबित गरिएनन् । बर्तमान सरकारले आर्थिक वर्ष२०१८।१९ को निमित्त पुराना करहरूमा केही ब्यावहारिक अंश बदल गरयो र केही नयां करहरू प्रस्ताबित गरयो । नयां करहरू मध्ये होटेलकर, हवाई उडान कर तथा पानीपोत र घर जग्गा रजि-ष्ट्रेशन प्रमुख हुन् । संशोधित अनुमानको आधारमा हवाई उडान करबाट ने.रू. १ लाख अनुमान गरिएकोमा ने.रू. ७५ हजार, घर जग्गा रजिष्ट्रेशनबाट ने.रू. १२ लाख अनुमान गरिएकोमा ने.रू. १२ लाख नै जति तथा होटेल करबाट ने.रू. १ लाखजति आम्दानी भएको छ भन्ने संशोधित अनुमान छ । यसको साथै मनोरञ्जन कर, रेडियो कर, धारा महसूल, भन्सार, अन्तः शुल्क आदिबाट पनि सन्तोषजनक रूपले सरकारको आम्दानीमा वृद्धि भएको छ र संशोधित अनुमान अनुसार ८३ प्रतिशतजति उठ्न सकेको छ । यसरी अवश्य नै नयां करहरू-बाट शतप्रतिशत रूपमा उठ्न सक्ने राजस्व उठाउन सकिएको छैन । खास गरेर हाम्रो जस्तो अविकसित देशमा जहां एकातिर जनताको कर तिर्ने बानीको साथै उचित मात्रामा क्षमतासमेत हुन र अर्कोतिर नयां प्रगतिशील करहरू उचित रूपले उठाउन प्रशासन यन्त्रको क्षमता छैन, कुनै पनि नयाँ कर प्रारम्भमा एकदम सफल नहुनु अस्वाभाविक भन्न सकिन्न । यो सत्य हामीले मान्नैपर्छ । तर अनुभवको आधारमा र समयको गतिको साथै मलाई लाग्छ दुवै पक्षमा सुधार हुंदै गई आगामी वर्षहरूमा क्रमशः बढी मात्रामा करहरू उठाउन सकिनेछ । गत वर्षमा जनताले सहयोग गरी कर तिरेकोले यो साबित गर्छ कि कर तिर्ने बानी प्रशस्त मात्रामा बढ्दोछ र यसले सरकारलाई आगामी बर्षहरूको निश्चित नीति निर्धारण गर्न ठूलो अनुभव प्रदान गरेको छ ।

928 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

यस सम्बन्धमा मालपोतबाट विगत वर्ष आएको आम्दानीको बारेमा विशेष रूपले केही भन्न चाहन्छु। मालपोत गत वर्ष भएको वृद्धिसमेत सफलतापूर्वक उठ्न सकेको छ। अनुमानित ने.रू. २ करोड ८८ लाख मध्ये ने.रू. २ करोड ८२ लाख असूल उपर भएको भन्ने संशोधित अनुमान छ। सम्भवतः विगत केही वर्षहरू यता मालपोत बुझाउने म्याद नथपी सरकारी म्यादभित्र नै मालपोत उठेको यो पहिलो वर्ष हो। २०१७ सालको नयां परिवर्तन पछि मालपोत समयमा पूर्णरूपले उठेको आर्थिक वर्ष २०१८।१९ पहिलो वर्ष हो र अरू नयां करहरू पनि ९० प्रतिशतभन्दा बढी उठेको आर्थिक वर्ष २०१८।१९ पहिलो वर्ष हो। जनताहरूलाई यस व्यवस्थाका विरोधमा सीमा बाहिर बसी भड्काउने, तर्साउने अनेक प्रयत्न भए तापनि सरकारको नीति र व्यवस्थाप्रति जनताको अटल विश्वास भएको कुरा माथिको आंकडाहरूले स्पष्ट गरेका छन् र यसरी भड्काउने तथा तर्साउनेहरूसित ठाउं ठाउंमा जनताहरूले नै मुकाबलासमेत गरी आएकोबाट जनताहरूको विकासप्रति अभिरुचि स्पष्ट देखिन्छ।

आर्थिक वर्ष २०१९।२० को बजेट सर्वप्रथम कार्यानुसार ( Functional ) वर्गीकरणको साथै आर्थिक ( Economic ) वर्गीकरणसमेत गरी पेश गरेको छु। उक्त वर्गीकरण संयुक्त राष्ट्रसंघले साधारणतया संसारभरिका देशहरूका बजेट अनुमान गर्ने सुझावमा आधारित छ। यसरी बजेट शीर्षकहरूमा आर्थिक, राजनैतिक र सामाजिक सेवाहरूको वर्गीकरण भएकोले बजेटबाट देशको आर्थिक अवस्थाको राम्रो ज्ञान, आर्थिक कार्यक्रम तथा नीतिको तुलना तथा मूल्यांकनसमेत गर्न सजिलो होला भन्ने मेरो विश्वास छ। आर्थिक वर्ष २०१९।२० को निमित्त साधारणतर्फ आय ने.रू. १० करोड ३२ लाख तथा खर्च ने.रू. १४ करोड ८ लाख अनुमान गरिएको छ। यस आर्थिक वर्षको आय अनुमानमा विशेष वृद्धिका उपायहरू प्रस्तुत गर्न नसकिए तापनि गत वर्षको अनुमानभन्दा संशोधित अनुमान कम हुनाका प्रमुख कारणहरूको राम्रो अध्ययन गरी यसमा रहेका त्रुटीहरू सच्याउनेतर्फ उचित कदम चालेको छु।

खर्चपट्टि विचार गर्दा गत सालकोभन्दा अनुमानमा करीब ने.रू. २ करोड ५५ लाख बढ्न गएको देखिन्छ। गत वर्षको बजेट भाषणमा साधारणतर्फलाई सन्तुलित तुल्याउन र मितव्ययिता गर्ने सरकारको नीतिको उल्लेख भएको थियो। यस सालको खर्च अनुमानमा गत वर्षकोभन्दा ने.रू. २ करोड ५५ लाख बढी भएकोले जनतामा भ्रम पर्न जानेभएकोले यस सम्बन्धमा एक दुई कुरा स्पष्ट गर्न चाहन्छु। पहिलो कुरा, विगत वर्षहरूमा अधिराज्यको एक क्षेत्रलाई मात्र हेर्ने सरकारको नीति साधारणतया रहेकोले यस सालदेखि देशको सर्वतोमुखी विकासको आधारमा अञ्चल तथा जिल्ला प्रशासन मजबूत तुल्याउन, स्थानीय विकास बढी मात्रामा सम्पन्न गराउन तथा जल्ला जिल्लामा रहेका सरकारी सेवाहरूले जन समक्ष उचित सेवा पुर्‍याउन सकून् भन्ने ध्येयले जिल्लामा रहेका प्रत्येक सेवाको खर्चमा साधारणतया वृद्धि गरिएको छ। दोस्रो कुरा, यस आर्थिक वर्षको निम्ति अनुमानित खर्चमा करीब ने. रू. १ करोडजति खर्च विकास सम्बन्धी कामहरू जस्तो कि माल तथा भन्सार घरहरूजस्ता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ। ९२४

राजस्व उठाउने अड्डाहरू बनाउने तथा सरकारी घरहरू सडक मर्मत आदि कार्यहरूमा गरिनेछ। बास्तवमा नैतिकस्तरको उत्थान नगरेमा र काम गर्ने साधनहरू सुविधाजनक तथा सुरक्षित नभएमा आशा गरिएबमोजिम लाभ प्राप्त गर्न नसकिने र काम गर्नेहरूलाई समेत केही प्रोत्साहन नमिल्ने हुंदा सम्बन्धित साधनहरू जुटाउनेतर्फ यस आर्थिक बर्षमा विशेष प्रकाश गरिएकोले समेत खर्च अनुमान गत सालभन्दा बढ्न गएको हो। यसमा यो कुरा विचारणीय छ कि माथि उल्लेख भएकामध्ये अधिकांश खर्चहरू पटके (Non-recurring) किसिमका खर्चहरू हुन्।

त्रिबर्षीय योजनाको रूपरेखाको प्रकाशन २०१८।१९ अन्तरिम वर्षको सबभन्दा महत्वपूर्ण कार्य हो। यस योजनाको विस्तृत रूप अब चांडै नै जनसमक्ष आउनेभएकोले यस बारे मलाई यहां धेरै बोल्नु छैन, तर आगामी वर्षको विकास बजेट यस योजनाको पहिलो वर्षको कार्यक्रम अनुसार हुनेभएकोले यस योजनाको उद्देश्य, प्राथमिकता र कार्यक्रम बारे २।४ शब्द बोल्नु अप्रासंगिक होओइन।

त्रिवर्षीय योजनाको मुख्य उद्देश्य भविष्यमा विकासको गति अझै द्रुततर गर्न र अझ विस्तृत योजना सफलतापूर्वक सम्पन्न गर्न चाहिने आधारभूत स्थिति तयार गर्नु हो। यस उद्देश्य पूरा गर्नको लागि योजनामा वर्तमान भूमि, प्रशासकीय तथा उद्योगको व्यबस्थामा सुधार गर्ने, सर्भे, तथ्यांक तथा तालीममा जोड दिने, सडक हवाईजस्ता यातायातका साधन, बिजुली तथा सिंचाई र सरकारको आय बढाउने उद्योग विकास गर्ने आदि कार्यक्रमलाई प्राथमिकता दिइएको छ। यी विभिन्न कार्यक्रमको लागि आवश्यक खर्च र ऋणको रकम गरी जम्मा ने.रू. ६५ करोड प्रस्तावित गरिएको छ। यस रकमको धेरैजसो भाग सडक, बिजुली, सिंचाई र उद्योगको विकासको लागि पर सारिएको छ। योजना अनुसार पूर्व–पश्चिम राजमार्ग, त्रिशूली जल–विद्युत योजना, चिनी र चुरोट कारखानाहरू र विभिन्न सिंचाइका आयोजनाहरू पूरा गर्न सकिनेछन्। व्यवस्थामा सुधार गर्ने कार्यक्रमबाट पछि विकास गर्न चाहिने व्यवस्था खडा हुनेछ र सर्भे र तथ्यांकका आयोजनाहरूबाट देशको साधन र आर्थिक व्यवस्थाबारे आवश्यक ज्ञान प्राप्त हुनेछ र तालीमका विभिन्न कार्यक्रमबाट आवश्यक प्राविधिज्ञ तालीम गर्न सकिनेछ। यी कार्य भविष्यमा विकासको गतिलाई तीव्रतर बनाउनामा सहायक हुनेछन् भन्ने कुरामा संदेह छैन।

२०१९।२० को विकास तर्फको कूल रकम ने.रू. १५ करोड ६९ लाख हुने अनुमान गरिएको छ, जुन गत बर्षहरूको बजेट अनुमानको भन्दा धेरै हाम्रो खर्च गर्ने क्षमता कम भएकोले नै यसो गर्नुपरेको हो। साथै यस वर्षको विकास तर्फको खर्च दोस्रो योजनाको प्राथमिकताको अनुरूप राखिएको छ। यस रकमको करीब १६.८ प्रतिशत श्री ५ को सरकारको तर्फबाट बेहोरिनेछ र बांकी मित्रराष्ट्रहरूबाट प्रदान गरिएको सहायताबाट बेहोरिनेछ। यस रकमभित्र श्री ५ को सरकारतर्फबाट सोझै सञ्चालित हुने कार्यक्रममात्र परेका छन्। श्री ५ को सरकारबाट सोझै सञ्चालित नहुने त्रिशूली जल–विद्युत योजना, काठमाडौं–कोदारी राजमार्ग, पूर्व–पश्चिम राजमार्ग, चतारा सिंचाई योजना आदि यसभित्र परेका छैनन्। यी आयोजनाहरूको पनि विचार

९२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएमा हाम्रा विभिन्न मित्रराष्ट्रहरूबाट यस वर्ष प्राप्त हुने सहायताको परिमाण यस प्रकार हुनेछ । संयुक्त राज्य अमेरिका ने.रू. ८ करोड, भारत ५ करोड, रूस १ करोड ५० लाख, चीन ३० लाख, ब्रिटेन ६० लाख, यस बाहेक हामीले संयुक्त राष्ट्रसंघ र यसका एजेन्सीहरू, अष्ट्रेलिया, न्यूजिलैण्ड, फोर्ड फाउण्डेशन आदिबाट पनि सहायता पाएका छौं ।

यस प्रसंगमा म, श्री ५ को सरकारले बेला बेलामा मित्रराष्ट्रहरूबाट पाएको विभि प्रकारको सहायता र सहयोगको लागि धन्यवाद ज्ञापन गर्न चाहन्छु तर उपरोक्त रकमबाट मात्र यस सहायता र सहयोगको मात्रा व्यक्त गर्न सकिंदैन । यसभन्दा पनि महत्वपूर्ण कुरा यसबाट हाम्रो देश र मित्रराष्ट्रहरूको बीचमा बृद्धि हुंदै गइरहेको सद्भावना र मित्रता हो । यो सद्भावना र मित्रता सबै यस किसिमले बढ्दै जानेछ भन्ने कामना व्यक्त गर्न चाहन्छु ।

माथि उल्लेख गरिएका खर्च ने.रू. २९ करोड ७८ लाख कसरी व्यहोर्ने भन्ने साधनहरूबारे अब विचार गर्दछु । यस आर्थिक वर्षको उपलब्ध राजस्व स्रोतहरूबाट ने.रू. १० करोड ३२ लाख आम्दानी हुने अनुमान छ । विदेशी सहायताबाट ने.रू. १२ करोड ८३ लाख प्राप्त हुने अनुमान छ । विभिन्न आयोजनाहरूको विकास खातामा मौज्दात रहने आएको अहिलेसम्मको प्राप्त रकमबाट ने.रू. २२ लाख बांकी रहने अनुमान छ । यसरी उपरोक्त स्रोतहरूबाट गरी ने.रू. २३ करोड ३७ लाख जम्मा हुन गएमा पनि ने.रू. ६ करोड ४१ लाखजति न्यून ( Deficit ) हुन जाने देखिन्छ ।

यसरी यस वर्षको निमित्त श्री ५ को सरकारको आयव्ययको अनुमानको विवरणमा ने.रू. ६ करोड ४१ लाखको घाटा (Deficit ) देखिन आएको छ। यस वर्षमात्र यस प्रकारको घाटा बजेटमा रहेको होइन । २००७ सालदेखि यता सबैजसो बजेटहरू घाटाका नै थिए । तर सरकारको आम्दानी बढाएर यस्ता घाटाहरू पूर्ति गर्ने उपायहरू व्यावहारिक रूपमा नसोची सरकारी मौज्दात रकमबाट मात्र यिनलाई पूर्ति गराउंदै लगियो । यसरी प्रतिवर्ष सालाखाला ने.रू. डेढ करोडको दरले २००७ सालदेखि यता सरकारी आयव्यय विवरणमा रहेको जम्मा ने.रू. १६ करोड जति घाटाको पूर्ति मौज्दात रकमबाट हुंदै गयो । तर यसरी घाटा व्यहोरी आर्थिक अवस्था सुदृढ तुल्याउन अरू उपायहरू नअपनाइनु देशको आर्थिक नीतिको प्रतिकूल हो । अतएव यस सन्दर्भमा वस्तुस्थितिको विचार राखी कर सम्बन्धी प्रस्तावहरू आज प्रस्तुत गर्दा अहिलेसम्म भएका अर्थमन्त्रीहरूले राखेका प्रस्तावहरू हेर्दा तपाईंहरूलाई मेरो कर सम्बन्धी प्रस्तावहरू अवश्यमेव अप्रिय लाग्नेछन् , तापनि देशको आर्थिक स्थिति सुदृढ तुल्याउने दिशामा यो कदम-को ठूलो देन हुनेछ भन्ने मेरो विश्वास छ ।

(१) करीब ५० वर्ष अघि ठेकिएको मालपोतको दर जमीन तथा जमीनबाट उत्पादन हुने वस्तुहरूको मूल्यको तुलनामा आज अत्यन्त कम छ भन्ने कुरामा दुईमत हुन सक्दैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हाम्रोजस्तो अविकसित देशहरूको मालपोतको दरको तुलनामा पनि वर्तमान मालपोत दर ज्यादै नै कम छ र साथै मालपोतका करहरू अहिले एकै किसिमको जमीनहरूमा पनि भिन्दा भिन्दै छन्। तसर्थ प्रचलित असमानतालाई हटाई सरकारी आयमा समेत वृद्धि गर्ने उद्देश्यले प्रति बिगाहा २०१८।१९ आर्थिक सालमा ने.रू. १० सम्म मालपोत कायम भएको जमीनको निमित्त यस आर्थिक वर्ष २०१९।२० देखि प्रति बिगाहा ने.रू. १५ मालपोत कायम गरिएको छ र १० भन्दा बढी मालपोत दर कायम भएका जमीनमा प्रति बिगाहा मालपोत दर ने.रू. २० कायम गरिएको छ। तर काठमाडौं उपत्यका र पहाडी प्रदेशमा भने ०१७।१८ आर्थिक बर्षमा लागेको दरमा सालाखाला ४० प्रतिशत-मात्र वृद्धि गरिएको छ। यसबाट करीब ने. रू. २ करोड ४० लाख बढ्न जाने अनुमान छ।

(२) मालपोत दरमा भरसक समानता ल्याउने सरकारको नीति छ। हाल चलिरहेको मालको जिन्सीको सट्टा नगदी भाउमा बजारको दरमा र जिल्ला जिल्लाको मालको दरमा ठूलो अन्तर छ र एक जिल्लाको भाउ आर्को जिल्लासित मेल खांदैन। यस्तो असमानतामा रहनु उचित नदेखिएकोले यस आर्थिक वर्षदेखि नेपाल अधिराज्यभर मालले जिन्सीको नगदीमा बुझ्ने भाउ ने.रू. १। को धान ५ पाथी कायम गरिएको छ। यसबाट ने.रू. १६ लाख जति आय बढ्ने अनुमान छ।

(३) अहिलेसम्म सरकारले आम्दानी माथि विभिन्न किसिमबाट २।३ थरीको कर अलग अलग क्षेत्रमा लगाउँदै आएको थियो। जग्गा जमीनबाट आएको आम्दानी माथि मालपोतमा थपकर (Surcharge on land revenue) लगाइएको थियो। जसको आय आर्थिक वर्ष २०१६।१७ तथा २०१७।१८ मा गरी करीब ने.रू. ५० हजार जति हुन सक्यो। फेरि पारिश्रमिक व्यापार मुनाफा कर अरू किसिमबाट आउने आय माथि लगाइएको थियो। र साथै शहरी क्षेत्रको घर जग्गाको करमा बहालमा दिएको घरलाई ५० प्रतिशत थप कर लाग्ने व्यवस्था थियो। देशभरमा सरलताको सिद्धान्त तथा प्रशासनको दृष्टिबाट सबै किसिमका आयहरूमा एकै प्रकारको कर लगाउनु न्यायसंगत भएकोले आजदेखि मालपोतमा लाग्ने जग्गा कर ( Surcharge on land revenue ) व्यापार मुनाफा र पारिश्रमिक कर तथा शहरी क्षेत्रको घर जग्गाको करमा बहालमा दिएको घरलाई ५० प्रतिशत थप कर लाग्नेसमेत खारेज गरिएको छ। साथै आर्थिक वर्ष २०१६।१७ तथा २०१७।१८ मा लगाइएको मालपोतमा लाग्ने जग्गा करमा माफी गरिएको छ र जस जसले कर बुझाएका छन् उनीहरूको अरू कर बुझाउँदा हिसाबमा मिलाइने छ। हाम्रो प्रशासनको व्यवस्था र न्यायोचित दृष्टिबाट समेत विचार गरी यस आर्थिक वर्षदेखि व्यापक आय कर ( Comprehensive income tax ) लगाइएको छ। यो कर सबै किसिमको आय माथि लाग्ने छ र करको दर गत आर्थिक वर्षसम्म

92C आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लागेको पारिश्रमिक तथा व्यापार मुनाफा करबमोजिम ठेकिएको छ। उद्योग व्यवसायबाट भएको मुनाफामा उक्त दरले लाग्ने करमा सयकडा २५ रियाह्ती दिइएको छ। यस परिवर्तनबाट केही रकम घट्न गए तापनि व्यापक आय करको फलस्वरूप साधारणतया ने.रू. १५ लाख जति आय वृद्धि हुने अनुमान छ।

(४) सरकारको आय वृद्धि गर्ने विभिन्न साधनहरू मध्ये अधिराज्यभर आय टिकट दस्तूर ( revenue stamps ) यस आर्थिक वर्षदेखि लगाइएको छ। श्री ५ को सरकारको एक विभागको आर्को विभागसंगको कारोवारमा, परोपकारको निमित्त दिइएका अनुदानहरूमा, सरकारी लिखे लिदाको सम्बन्धमा, रजिष्ट्रेशन पास भएका कागजपत्रहरूमा र सरकारी अड्डाबाट दिइएका भरपाईहरूमा बजार खरीद गरी लेनदेन गरेकोमा यी नियमहरू लागू हुने छैनन्। उपरोक्त बाहेक हरेक लेनदेन कारबाहीमा नगद रुपैयाँ प्राप्त गर्दा वा जिन्सी प्राप्त गर्दा तल लेखिएको दरमा आय टिकट लगाइएको हुनु पर्छ। यसरी टिकट नलगाइएको कागजपत्रलाई कानूनी मान्यता दिइने छैन।

### तमसूक, वा ऋणपत्रहरूमा वा भरपाईहरूमा लाग्ने टिकट दस्तूर

| | | |
|---|---|---|
| हरेक ने. रू. १० देखि २५ सम्ममा | ने. रू. | ।२० |
| ,, २५ देखि माथि ५० सम्म | ,, | ।५० |
| ,, ५० ,, १०० | ,, | १। |
| ,, १०० ,, २०० | ,, | १।५० |
| ,, २०० ,, ५०० | ,, | २। |
| ,, ५०० ,, १००० | ,, | ३। |
| पहिलो ने. रू. १,००० देखि माथि जतिसुकै पनि हरेक हजार सम्ममा (जतिसुकैमा) | ,, | २। |

उपरोक्त दरमा जिन्सी प्राप्त गर्दा धान मुरी १ को ने.रू. २५ र धान मन १ को ने. रू. १६ को दरले हिसाब गरिनुपर्छ।

यसबाट थप आय ने.रू. १० लाख जति हुने अनुमान छ।

(५) भन्सारको दरवन्दीमाथि विचार गरी साबिकको निकासी पैठारी दरवन्दीमा केही थपघट गरिएको छ। घरेलु उद्योग धन्धाहरूलाई प्रोत्साहन दिने, तराईका बजारहरू गुल्जार तुल्याउने, समुद्रपारका देशहरूसित हाम्रो निकासी व्यापार सुगम तुल्याउने तथा बिलासका सामग्रीहरूमाथि केही बढी महसूल लगाउने विचारले दरवन्दीहरूमा भन्सार दरवन्दीमा अनुसूची १, २, ३, ४ र ५ बमोजिम परिवर्तन गरिएको छ। यसबाट लगभग ने.रू. १५ लाख बढी आम्दानी हुने अनुमान छ।

(६) अन्तः शुल्क महसूलमा साबिकमा लगाएआएको खारेजगरी तपसीलको दरले अन्तःशुल्क लगाइनेर असूल उपर गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| (क) सलाईः– | ४० कांटी भएको बट्टा प्रति ग्रूस ने. रू. | २।८० |
| | ४१ कांटीदेखि५०कांटीसंमको बट्टा नें. रू. – | ४। |
| | ५१ देखि ६० सम्मको बट्टामा ने.रू. | ४।७० |
| | यसदेखि बाहेकमा प्रति हजार कांटीमा ने. रू. | ।६५ |
| (ख) चुरोट्ः– | प्रति हजारमा ने. रू. | ।२० |
| (ग) चिनी र मिश्री प्रतिमन ने. रू. | | ३।५० |
| (घ) चिनी खाडसारीमा प्रतिमन ने. रू. | | १।५० |
| (ङ) कपडा प्रति गज ने. रू. | | ।०१ |

(च) महुवा भट्टी ठेक्कामा दिइएको बाहेक डिष्टीलरीहरूबाट उत्पादन (तयार) भएको मदिराहरूमा एक्स फैक्टरी प्राइसमा नब्बे (९०) प्रतिशत अन्तःशुल्क लागेकोछ ।

उपरोक्त परिवर्तनबाट करीब ने. रू. १० लाख बढ्ने अनुमान छ ।

शहरी क्षेत्रको घर र विदेशी लगानीमा कर अहिलेसम्म साथैं असूल गर्ने भैरहेकोमा यस आर्थिक वर्षदेखि विदेशी लगानी र शहरी क्षेत्रको घरको कर छुटआइएको छ । करको दर साबिकबमोजिम कायम गरिएको छ । यसबाट राजस्वमा केही फरक आउँदैन । उपरोक्त बाहेक अरू सबै करहरू साबिक बमोजिम नै कायम राखिएको छ ।

मैले माथि उल्लेख गरेका प्रस्तावहरूको फलस्वरूप यस आर्थिक वर्षमा जम्मा ने.रू. ३ करोड ६ लाख सरकारी आय बढ्ने अनुमान छ । यसरी अनुमानित घाटामा मयाँ करहरूले पूर्ति गर्दा पनि ३ करोड ३५ लाख घाटा रहन आउने छ । बाँकी ने.रू. १ करोड ५० लाख दीर्घकालीन ऋण पत्रहरू ( Long term loans ) उठाएर र ने.रू. १ करोड अल्पकालीन ऋण ( Short term loans ) उठाएर पूरा गरिने छ । यसो गर्दा पनि ने. रू. ८५ लाख घाटा नै रहने छ ।

कर सम्बन्धी प्रस्तावहरूको बारे म एक दुई कुरा अरू भन्न चाहन्छु । एक त कर व्यवस्था नै नभएको हाम्रोजस्तो देशमा मामूली करको बोझ पनि धैरेजस्तो लाग्छ । अरू हाम्रा छिमेकी देशहरूको तुलनामा हाम्रो देशमा करको बोझ नगण्य नै छ । राष्ट्रिय आयको करीब २२ प्रतिशत लंकामा, १९ प्रतिशत बर्मामा, १० प्रतिशत भारतमा, १२ प्रतिशत पाकिस्तानमा र २०।३० प्रतिशतसम्म पनि अरू विकसित देशहरूमा कर तथा अन्य स्रोतहरुद्वारा सरकारले लिन्छ, जब कि हाम्रो देशमा अहिले यो ३।४ प्रतिशतभन्दा बढी होओइन भन्ने अनुमान छ । अतएव गत वर्ष तराईमा २५ प्रतिशत र काठमाडौं उपत्यका र पहाडी प्रदेशमा १० प्रतिशतको दरले वृद्धि गरिएका करहरू जुन हौसलासाथ सरकारी नीतिलाई सफल पार्न सबै करदाताहरूले तिर्नु भयो सो सराहनीय छ । मलाई आशा छ, मैले माथि उल्लेख गरेको आजको देशको अवस्था माथि राम्रो विचार गरी देशको आर्थिक अवस्था सुदृढ गर्नको निमित्त अझ बढी मात्रामा सरकारको कर नीति सफल पार्नमा तपाईंहरू सबैले सहयोग गर्नु हुनेछ ।

920 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आज म पहिलो पटक विदेशी मुद्रा (विनिमय) को बजेट पनि आर्थिक विवरणको साथै पेश गर्दछु। सन् १९६० नभेम्बर (कार्तिक २०१७) देखि श्री ५ को सरकार र भारत सरकारको बीच भएको ब्यापार तथा पारवहन सन्धि लागू भएदेखि यतामात्र हाम्रो विदेशी मुद्राको आयबाट उपलब्ध सबै रकम सोझै नेपाललाई प्राप्त हुन थालेको र विदेशी मुद्राको आम्दानी तथा खर्च गर्ने दुवै कार्यमा श्री ५ को सरकारबाट नियन्त्रण हुन थाल्यो। भविष्यमा विकास कार्यको निमित्त मांग प्रतिसाल बढ्दै जानेभएकोले यस्तो नियन्त्रण कायम गरी विदेशी मुद्राको बचत पूंजी संकलन गरी राख्नु नितान्त आवश्यक थियो तर आर्थिक वर्ष २०१७।१८ को अन्त्यसम्म यसतर्फ कुनै नीति अपनाइएन। आर्थिक वर्ष २०१७।१८ को अन्त्यदेखि विदेशी मुद्रा सम्बन्धी आय व्ययको विवरण तयार गर्ने नीति यस सरकारले अपनायो। उक्त नीति अनुसार २०१८।१९ सालको आर्थिक वर्षमा विश्लेषणात्मक तवरले विदेशी मुद्राको आय व्ययको विवरण तयार गरी उक्त अनुसार उपयोग गर्ने गरी आन्तरिक व्यवस्था कायम भयो।

यस सालको प्रस्तुत बजेटमा हाम्रो आयको अनुमानित मुख्य मुख्य स्रोतहरू फुटकर, विविध रकमको अलावा दृश्य निर्यात र अदृश्य निर्यात हुन्। अदृश्य निर्यातमा पर्यटकहरूबाट हुने आय र सेवा इत्यादिको निर्यातबाट हुन आउने आय परेको छ। दृश्य निर्याततर्फ खास गरेर तयारी तथा कच्चा जूट, जरीबुटी, तेलहन आदि मुख्य हुन्। २०१८।१९ सालको आयमा निर्यातबाट जम्मा नें. रू. ६८ लाख आम्दानी हुने अनुमान गरिएकोमा २० १९।२० सालमा जम्मा ने. रू. २ करोड ४० लाखको विदेशी मुद्रा निर्यातबाट आम्दानी गर्ने लक्ष राखिएको छ। यसरी निर्यात तर्फ २५० प्रतिशत जति अनुमानित वृद्धि हुने कुरा तपाईंहरूलाई भन्न पाउंदा मलाई हर्ष लागेको छ। विगत १२ महीनामा ( ११ महीनाको वास्तविक आयको आधारमा ) विदेशी सहायतासमेत हाम्रो आय ने.रू. ४ करोड भन्ने संशोधित अनुमान छ जब कि खर्च ने.रू. २ करोड ४३ लाख अर्थात् ६१ प्रतिशतमात्र हुनेछ। विदेशी मुद्राको आम्दानीको ३९ प्रतिशत बचत भएको मध्ये विदेशी सहायताको रकम कटाउँदा ३२ प्रतिशत हाम्रो खास आम्दानीमध्येबाट बचत हुन गएको अनुमान गरिएको छ। यसरी खास भुक्तानी ( Special payments ) बाहेक विदेशी मुद्रा आम्दानी ७ प्रतिशतमात्र विदेशी सहायताको रकम पर्न आउँछ। प्राथमिकताको आधारमा नीति निर्धारित गरिएकोले यस आर्थिक वर्षको निम्ति पनि सालभरको आयले हाम्रो आवश्यकता यथेष्ट रूपले पूर्ति हुने कुरा निश्चित छ। यस वर्षको निम्ति विकास कार्यको खर्चमा जम्मा ५० प्रतिशतभन्दा बढी राखिएको छ। नेपाल अधिराज्यको दौत्य सम्बन्ध अरू देशहरूसित विस्तार हुँदै गएकोले विदेशमा रहेका शाही दूतावासहरूको निम्ति खर्चको रकम केही बढ्नु स्वाभाविकै हो।

अहिलेको अवस्थामा विदेशी मुद्राको आर्जन हाम्रो खर्चको निम्ति पर्याप्त भए तापनि अवश्य नै भविष्यमा कार्यान्वित गरिने त्रि-वर्षीय योजना तथा अरू दीर्घकालीन योजना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

अन्तर्गत आयोजनाहरूको निमित्त विदेशी मुद्राको प्रशस्त मात्रामा आवश्यकता पर्ने कुरा सर्वविदितै छ । वर्तमान अवस्थामामात्र सन्तोष नगरी कति प्रकारले कसरी देशको औद्योगिक उत्पादन वृद्धि गरी तथा आर्जन भएको विदेशी मुद्राको मितव्यय गरी देशलाई अगाडि बढाउन सकिन्छ भन्ने उपायहरूमाथि सरकारले पूर्ण विचार दिएको छ। हाम्रो औद्योगिक उत्पादनको वृद्धि गरी निर्यात बढाउनाको साथै सरकारले अरू विकसित देशहरू-सित माल सामान साट्ने आधारमा व्यापार ( Barter trade ) गर्ने विषयमा अन्तिम छलफल गर्दछ। साथै हाम्रो विदेशी व्यापार पनि सकेसम्म अनेक मुलुकहरूमा फैलाउने ( Diversification ) तिर सरकारले कदम उठाएको छ ।

बढ्दो मांगलाई पूर्ति गर्न भैरहेको विदेशी विनिमय नियन्त्रण ऐन पर्याप्त नहुँदा श्री ५ को सरकारले विदेशी मुद्राको आयमा कुनै चुहन ( Leakage ) हुन नदिन र अधिराज्यभित्र आएको सबै विदेशी मुद्रा परिचालन गर्न एउटा विस्तृत ऐन हालै जारी गरेकोछ ।

यसरी आर्थिक वर्ष २०१९।२० सामान्यता उत्साहजनकरूपले हेर्न सकिन्छ। हो, यसमा सन्देह छैन कि विगत वर्षहरूमा हामीले गर्नुपर्ने मात्रामा देश विकासको निमित्त नत यथेष्ट रूपले आन्तरिक साधनहरूको नै परिचालन गर्न सक्यौं न प्रशासकीय दक्षताको अभावमा प्राप्त विदेशी सहायताको नै उचितरूपले सदुपयोग गर्न सक्यौं । अतएव बितेका वर्षहरूको अनुभवको आधारमा श्री ५ को सरकारले यस वर्षको निम्ति र आगामी वर्षहरू-को निम्तिसमेत आफ्नो आर्थिक नीति निम्नलिखित सिद्धान्तहरूमा आधारित गरेको छ ।

एक त, कुनै पनि देशले संधै भरी विदेशी सहायता माथिमात्र निर्भर रहेर विकास गर्न सक्तैन, यद्यपि अविकसित देशमा विकासको प्रारम्भिक अवस्थामा विदेशी सहायताको ठूलो हिस्सा रहन्छ। अतएव सरकारले आन्तरिक साधनहरूको परिचालन गर्न सकेसम्म प्रयत्न गर्ने निश्चय गरेको छ । उदाहरणको रूपमा, आर्थिक वर्ष २०१६।१७ को बजेटमा थप करद्वारा अन्दाजी ने.रू. ८५ लाख उठ्ने अनुमान गरिएको थियो, २०१८।१९ को बजेटमा नयाँ प्रस्तावित करहरूबाट ने.रू. १ करोड जति आम्दानी बढ्ने अनुमान थियो, जब कि प्रस्तुत बजेटमा नयाँ करहरूद्वारा ने.रू. ३ करोड ६ लाख बढ्ने अनुमान गरिएको-छ। त्यसको साथै विकासको कार्यमा पनि श्री ५ को सरकारले बेहोर्ने खर्चको प्रतिशत पहिलेको भन्दा बढी राखिएको छ । बजेटको विकास तर्फको समस्त खर्चमा विदेशी सहायताबाट २०१६।१७ मा ७१ प्रतिशत, ०१७।१८ मा ८८ प्रतिशत, ०१८।१९ मा ९० प्रतिशत आउने अनुमान गरिएकोमा यस वर्षको ८३.२ प्रतिशत जति अनुमान छ। यसरी विकास कार्यको निमित्त आन्तरिक आर्थिक स्रोतहरू परिचालन गर्नेतिर सरकारले ठोस कदम लिएको छ र यसरी स्थानीय खर्चसम्म भए पनि हाम्रो आन्तरिक साधनबाट हामीले बेहोर्न सकेमा उपलब्ध विदेशी सहायताको राम्रो उपयोग गर्न सकी हाम्रो परालम्बन अरू मार्ग क्रमशः घट्दै जाने स्वयंसिद्ध छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दोस्रो कुरा, आन्तरिक साधनको परिचालनको पनि एक हद हुन्छ, जुनभन्दा बाहिर हाम्रोजस्तो अविकसित देशमा जान असम्भव हुन्छ। अर्थात्, साधनको परिचालनको साथै देशको उत्पादन शक्ति बढाएर साधनको वृद्धि पनि गर्दै जानु अत्यावश्यक छ। ९० प्रतिशत-भन्दा बढी नेपालीहरूको जीविका भूमिको उत्पादनमा निर्भर गरेको छ। राष्ट्रिय आम्दानीको सबैभन्दा ठूलो भाग पनि भूमिबाट आउँछ। अतएव यस परिस्थितिमा अधिकांश नेपाली-हरूको आम्दानीमा वृद्धि गरी उनीहरूको रहन सहनको स्तर उच्च गर्ने उद्देश्यले तयार गरिने योजनाहरूमा भूमिको उत्पादन शक्ति बढाउने विषयले महत्वपूर्ण स्थान पाउनु-पर्छ भन्ने यस सरकारको विश्वास छ। औद्योगिक विकासको निम्ति चाहिंदो आवश्यक साधनहरू पनि कृषि उन्नतिद्वारा नै प्राप्त गर्न सकिन्छ। शाही भूमि सुधार कमीशनले हालै आफ्नो रिपोर्ट पेश गरेको छ। श्री ५ को सरकार त्यसको अध्ययन गर्दछ। आजसम्म जति पनि कृषि सुधार सम्बन्धी काम भए तिनका किसानको वास्तविक हितका लागि बहुतै कम स्थान थियो भन्नेमा सन्देह छैन। अतएव आगामी वर्षहरूमा सरकारको आर्थिक नीतिहरूमा भूमि सुधार विषयले ठूलो स्थान प्राप्त गर्नेछ। वर्तमान भूमि व्यवस्था पञ्चायत पद्धतिको अनुकूल नभएकोले यसमा पञ्चायत पद्धति तथा देश विकासानुकूल सुधार गरी बहुसंख्यक किसानहरूको परिश्रमको उचित हिस्सा उनीहरूलाई दिलाउने दिशा-तिर तुरुन्त कदम चाल्नेमा सरकार सचेष्ट छ। तुरुन्त चालू गर्न सकिने किसिमको किस्ता सर्भेमा सरकारले विशेष ध्यान दिनेछ। मुख्य रूपले किसानको मोहीयानी हक सुरक्षित राख्न तथा अरू सम्बन्धित स्थानीय समस्याहरू सुल्झाउन यसै आर्थिक वर्षमा घुम्ती अदालत-हरू ( Mobile courts ) जिल्लाहरूमा पठाइने छ। सरकार ग्यारेन्टी बसेर कृषि ऋण किसानहरूलाई दिलाउनेतिर पनि सरकारले कदम उठाउने छ। साथै भूमि प्रशासन उचित रूपले चलाउने व्यवस्था माथि पनि श्री ५ को सरकारको ध्यान आकृष्ट भएको छ। वास्तवमा व्यवस्था सम्बन्धी ( Institutional ) सुधारद्वारा भूमिको न्यायोचित वितरण गराई किसानहरूको अवस्था सुधार्नको साथै यान्त्रिक ( Technological ) सुधार गर्न व्यक्तिगत क्षेत्रलाई प्रोत्साहन दिई देशको उत्पादन बढाउनु सरकारको नीति रहने छ।

हाम्रो प्रशासकीय व्यवस्थाको क्षमताभन्दा बढ्ता काम नगर्नेतिर पनि सरकार दृढ छ। आर्को शब्दमा विकास अनुरूप प्रशासन यन्त्रमा सुधार ल्याउन सरकारले आफ्नो प्रमुख उद्देश्य सम्झेको छ। गत वर्ष अर्थप्रशासनमा केही सुधारहरू गरिए। खर्च गर्ने मन्त्रालयको सचिवहरूमा अर्थ मन्त्रालयले बढी मात्रामा अख्तियारी प्रदान गरेकोले योजना र प्रशासन सञ्चालनको जिम्मेवारी विभागहरूमाथि पूर्णतया हुन गएको छ। विशेष अधिकार सम्पन्न उज्राती फछ्यौंट कमीशनबाट पुराना उज्रातीहरू भरसक छिटै फछ्यौंट् हुने भएका छन् र सरल तरीकाबाट हिसाब किताब राख्न विशेष तालीम प्राप्त गरेका एकाउन्टेन्टहरूबाट विभिन्न अड्डाहरूमा काम गर्ने एकाउन्टेन्टहरूलाई तालीम दिने काम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विगत ४।५ महीनादेखि चालू भएको छ। आन्तरिक प्रशासनको निमित्त अर्थ सम्बन्धी नियमावलीहरू पनि चांडै नै प्रकाशित हुनेछ। यस्ता गत साल प्रारम्भ गरिएका अर्थ प्रशासन सम्बन्धी सुधारहरू व्यापक रूपले यस वर्ष पनि कायम राखिने छन्।

खास गरेर साधारण तर्फको बजेटमा कतिपय अफिस वा अड्डाहरू छन् जसको आवश्यकता सम्भवतः आजको परिस्थितिमा उत्तिको छैन। तर पनि देशको प्रशासन व्यवस्थामा एकको अर्कासित अत्यन्त घनिष्ठ सम्बन्ध रहने नै भएकोले सर्वांगीय रूपले विचार नगरी त्यस्ता अड्डाहरू अपर्झटमा खारेज गर्नु मनासिब पर्दैन। अतएव यस आर्थिक वर्षमा सरकारले निरन्तर यस्ता सबै कुराहरूको अध्ययन गरी अनावश्यक किसिमको अड्डाहरू खारेज गर्ने विषयमा एक निश्चित नीति अपनाउने छ। अनावश्यक कार्यहरूमा कटौती गर्नाले पनि अनुमानित घाटा निक्कै नै कम हुन आउने छ। गत सालको बजेट वक्तव्यमा सार्वजनिक सेवाहरूलाई स्वावलम्बी तुल्याउनेतर्फ कदम चाल्ने उल्लेख परेको थियो। हामीमा भएको प्रशासकीय कमी र अर्थाभावले हामीले आफ्नो लक्ष हासिल गर्न नसकेको भए तापनि त्यस दिशातर्फ सरकार पूर्ण क्रियाशील छ। यस्ता सेवाहरू अनेक कठिनाइहरूले गर्दा तुरुन्त स्वावलम्बी हुन नसक्ने भएकोले त्यसतर्फ अग्रसर गराउनलाई यस्ता सेवाहरूलाई २।३ वर्षसम्म आर्थिक सहायता दिंदै लैजाने विचार गरेको छ। यस आर्थिक वर्षको शुरूदेखि नै एक दुई सेवाहरू करपोरेशनमा परिणत हुँदैछन्। अरू अनावश्यक अड्डाहरू खारेज गरी खर्च किफायत गर्नेतर्फ पनि कारवाइ हुँदैछ र खोरेजीमा परेका अड्डाहरूका कर्मचारीहरूलाई अरू आवश्यक सेवाहरूमा सार्ने काम पनि हुँदैछ। यसबाट पनि बजेटमा देखिन आएको न्यूनता घट्दै जानेछ भन्ने मेरो अनुमान छ। अरू पनि किसिमबाट सरकार सकेसम्म मितव्ययिता गर्ने तर्फ लागेको छ।

श्री ५ को सरकारले सकेसम्म यस्ता उपायहरूमा विशेष महत्व दिने छ जसले गर्दा राजस्व वढी हुन जानेछ वा भविष्यमा हाम्रो सीमित साधनहरूमा विशेष बोझ पर्ने छैन। यस्ता कतिपय जनहितकारी आयोजनाहरू छन् जो सरकार शायद एकै पटक गर्न चाहोस्, तर आवश्यक साधनहरूको प्राप्ति नभएमा त्यस्ता कार्यहरू सम्पन्न हुन सक्दैनन्। तसर्थ अहिलेको दृष्टिबाट हेर्दा केही मात्रामा आवश्यक तर आजको अवस्थामा श्री ५ को सरकारले गर्न नसक्ने किसिमका आयोजनाहरू देशमा धन पर्याप्त मात्रामा वृद्धि नभए सम्म स्थगित राख्नु उचित देखिन्छ। अतएव कतिपय अल्पकालीन दृष्टिबाट हेर्दा आवश्यक देखिने सामाजिक आयोजनाहरू यस वर्षको विकास तर्फको बजेटमा पर्न सकेका छैनन्। तर अत्यावश्यक किसिमका आयोजनाहरू भने यथाशक्य त्रि-वर्षीय योजनाको प्राथमिकताको आधारमा सम्मिलित गरिने प्रयास गरिएको छ। सामाजिक सेवाहरूको साधारण कमी एशियाका कतिपय देशहरूले महसूस गरेका छन् र योजनाबद्ध विकास गर्दा देशहरूमा आज यस्ता सेवाहरूमा भन्दा आय उत्पादक ( revenue yielding ) आयोजनाहरूमा विशेष महत्व दिइंदैछ। अतएव हामीले पनि आज आफ्नो आयोजनाहरूमा यस्ता


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विषयहरू माथि विशेष ध्यान दिनुपरेको छ। देशको आर्थिक स्थिरता ( Financial stability ) पनि यस्तो नीति अपनाएमा मात्र कायम राख्न सकिने कुरा स्वयं सिद्ध छ ।

मैले आज तपाईंहरूको समक्ष प्रस्तुत गरेको बजेट सकेसम्म देशको आजको परिस्थितिको सामूहिक विचार गरी तयार पारेको हुँ । नेपालको आर्थिक विकासको गति सूक्ष्म रूपले अवलोकन गरेमा हामी सबैलाई स्पष्ट हुन्छ कि जुन बखतमा विश्वका अरू देश–हरू नाना किसिमका योजनाहरूको फलस्वरूप अगाडि बढ्दै थिए त्यसबेला हाम्रो आर्थिक विकास एक प्रकारले गतिहीन ( Stagnant ) थियो । द्वितीय महायुद्ध पछि एशियाका अविकसित देशहरूमा पनि नवजागृति र पुनर्निर्माणको लहर आयो । त्यस लहरमा सामान्य तरीकाले हामी अगाडि बढ्न सकेनौं । एशियाका कतिपय देशहरूले उक्त लहर र देशको विकासमा सामञ्जस्य ल्याउन सके, तर २००७ साल यता प्रजातान्त्रिक वातावरणमा समेत योजना बिकासको आधारमा अगाडि बढ्ने लक्ष राखे तापनि कतिपय कारणहरूले गर्दा हामीहरूले आफ्नो विकास गर्न सकेनौं । अतएव प्रायश्चितको रूपमा पनि हामीहरूले, जस्ता कि मेरा सहयोगी अर्थमन्त्रीले गत वर्षको बजेट पेश गर्दा भन्नुभएको थियो त्याग र तपस्या गर्‍यौं भनेमात्रै गत सालहरूका हाम्रा भूलहरूको संकलित कुप्रभाव हामीले हटाउन सक्छौं ।

तसर्थ आज म तपाईंहरूलाई यो भन्न चाहन्छु कि देश विकासको काममा हामी सबैले मिली सहयोग गरी अगाडि बढ्नु छ । विकासको निम्ति पूंजी संकलनको साथै सबैमा जागृति चाहिन्छ । पूंजीको संकलन सरकारको एक तर्फ प्रयत्नले मात्र हुने होइन । कर-दाताहरूको वास्तविक सहयोगसमेतले संग्रह गरिएको आन्तरिक साधनको माध्यमद्वारा-मात्र देश विकास हुन सक्छ । दुर्भाग्यवश अहिलेसम्म विदेशी सहायताबाट नै देश विकास हुन सक्छ र राष्ट्रिय प्रयत्नको कुनै जरूरत नै छैन भन्ने गलत धारणा हामी सबैमा परेको छ । तर यसरी कुनै देशले पनि विकास गर्न सकेको छैन । विदेशी सहायताबाट होस्टेमा हैंसेसम्ममात्र हुन सक्ने हो र विकासको निम्ति हर कष्ट सही आन्तरिक पूंजी संकलन तथा नियोजन हामीले नै गर्नु छ । देश विकास एक दुई वर्षमा गर्न सकिने कुरा होइन । निरन्तर रूपले हामी सबैले आफ्नो क्षमतानुसार वर्तमान अवस्थामा मात्र विचार नगरी भविष्यको निम्ति तयार पारिएको योजनाको लक्ष साकार तुल्याउन अथक परिश्रम गर्नु छ । हुन सक्छ विकासको दिशामा अग्रसर हुँदा हामीहरूलाई कठिन-से-कठिन दुःख सहनु परोस् तर श्री ५ महाराजाधिराजको सुयोग्य नेतृत्वमा अपनाइएको पञ्चायती व्यवस्थाको आधारमा जतिसुकै कठिनाइ परे तापनि कत्ति विचलित नभै देश निर्माण कार्यमा सफल हुने छौं भन्ने मेरो दृढ विश्वास छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

# आर्थिक वर्ष २०१९।२० को
## आय व्ययको
## संक्षिप्त विवरण

ने. रू. हजारमा

... ... ... ... ... ... ... ... ... ... ...

### व्यय

| | | |
|---|---|---|
| २०१९।२० को कूल अनुमानित खर्च– | – – – – | – २९,७८,४८ |
| साधारण तर्फ – – | १४,०८,६५ | |
| विकास तर्फ – – | १५,६९,८३ | |

### आय

| | | |
|---|---|---|
| राजस्व अनुमान—— | | १०,३२,१६ |
| विदेशी सहायता—— | | १२,८३,६० |
| अमेरिका – – | ७,९२,७२ | |
| भारत – – | २,५०,९२ | |
| चीन – – | २७,४४ | |
| रूस – – | १,४१,०९ | |
| न्यूजील्याण्ड – | ९,०० | |
| यू० के० – – | ५०,६० | |
| फोर्ड फाउण्डेशन – | १०,३३ | |
| आइ. एल. ओ. – | १,५० | |
| | | न्यून – ६,६२,७२ |

### न्यून व्यहोरिने अन्य स्रोतहरू

| | |
|---|---|
| विकासखानामा सर्ने आयको मौजदात रकमबाट – – – | २२,१५ |
| नयां करहरूबाट – – – | ३,०६,०० |
| ऋणपत्रबाट – – – | २,५०,०० |
| – – – | ८४,५७ |

१३६ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## आर्थिक वर्ष १९।२० को व्यय अनुमान

(ख)

नै. रू. हजारमा

| | साधारण तर्फ | विकास तर्फ | जम्मा |
|---|---|---|---|
| १. अधिराज्यका संवैधानिक अंगहरू | ७३,६६ | | ७३,६६ |
| २. साधारण प्रशासन – – | २,०७,८४ | | २,०७,८४ |
| ३. आयकर प्रशासन – – | ७५,८० | | ७५,८० |
| ४. आर्थिक प्रशासन र योजना – | २०,७२ | ४७,८० | ६८,५२ |
| ५. न्याय प्रशासन – – | २५,३९ | | २५,३९ |
| ६. वैदेशिक सम्बन्ध – – | ६८,१२ | | ६८,१२ |
| ७. सामाजिक सेवाहरू – | १,३८,५६ | ३,५३,४५ | ४,९२,०१ |
| ८. आर्थिक सेवाहरू – – | ३,४७,०६ | ११,३९,७४ | १४,८६,८० |
| ९. रक्षा – – – | २,८७,५० | | २,८७,५० |
| १०. विविध – – – | १,६४,०० | २८,८४ | १,९२,८४ |
| | १४,०८,६५ | १५,६९,८३ | २९,७८,४८ |

## अनुसूची १ [क]

### २०१९।२० को राजस्व अनुमान

ने. रु. हजारमा

| सि. नं. | शीर्षक | २०१८।१९ को अनुमान | २०१८।१९ को संशोधित अनुमान | २०१९।२० को अनुमा |
|---|---|---|---|---|
| १ | भन्सार – – – – – – – – | ४,००,०० | ३,२२,०० | ३,३२,०० |
| २ | अन्त:शुल्क – – – – – – – | ६६,५० | ६९,४९ | ७०,०० |
| ३ | मालपोत – – – – – – – | २,८८,०० | २,८२,३४ | २,८२,३४ |
| ४ | वन – – – – – – – – – | १,४७,३० | ८६,८० | १,४४,६० |
| ५ | कर – – – – – – – – – | ३५,७५ | २१,३० | २३,०५ |
| ६ | रजिष्ट्रेशन – – – – – – – | २३,२१ | १२,७५ | १२,८५ |
| ७ | सिचाइ र पानी – – – – – | ८,०० | ३,३० | ४,४० |
| ८ | बिजुली – – – – – – – – | ७,४० | ८,०० | × |
| ९ | संचार – – – – – – – – – | १९,०० | १३,०७ | १५,२५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| १० यातायात — — — — — — — — | ४६,०० | ३७,५५ | ४३,०० |
| ११ व्याज तथा लाभांश — — — — | ६,३८ | ६,७५ | ७,१२ |
| १२ निजामती प्रशासन — — — — — | २६,५४ | २६,५५ | ३०,५० |
| १३ विविध — — — — — — — — — | १७,०४ | १७,०० | ६७,०५ |
| (+) (+) | १०,९७,०२ | ९,०९,९० | १०,३२,१६ |

२०१८।१९ को राजस्व अनुमान जम्मा ने.रु. नौ करोड सन्तान्नब्बे लाख दुई हजार (९,९७,०२) मात्र हो, तर प्रस्तावित नयाँ करहरूबाट एक करोड (१,००,००) आय अनुमान गरिएको हुंदा माथि उल्लेख गरेको २०१८।१९ को अनुमानमा दुवै मिलाई राखिएको छ।

# अनुसूची १ ख

"घ."-१

## २०१९।२० को व्यय अनुमान

### साधारण तर्फ

ने. रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०१८।१९ को अनुमान | २०१८।१९ को संशोधित अनुमान | ०१९।२० को अनुमान |
|---|---|---|---|---|---|
| १. संवैधानिक अंगहरू | | | | | |
| | १ | श्री ५ महाराजाधिराज तथा राजपरिवार | ५७,४० | ५७,४० | ५७,४० |
| | २ | राष्ट्रिय परिषद् | ४४ | ३६ | १,३९ |
| | ३ | महालेखा परीक्षकको विभाग | ३,६९ | २,०० | ५,१० |
| | ४ | सर्वोच्च अदालत | × | × | ७,८७ |
| | ५ | लोकसेवा आयोग | १,४४ | १,४४ | १,६९ |
| | ६ | निर्वाचन आयोग | १२ | १२ | २१ |

936

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | |
|---|---|---|---|---|---|
| २. साधारण प्रशासन | | | | | |
| | ७ | मन्त्रिपरिषद् | ७,६३ | ५,५० | १०,९९ |
| | ८ | श्री ५ को सरकारको सचिवालय | ३३,८० | ३३,८० | ३१,८४ |
| | ९ | जिल्ला प्रशासन | २९,३८ | २९,३८ | २३,१८ |
| | १० | पुलिस | १,०६,५८ | १,०६,५८ | १,०६,१३ |
| | ११ | जेल | १६,२२ | १२,८६ | २६,४४ |
| | १२ | विविध | × | × | ९,२६ |
| ३ आयकर प्रशासन | | | | | |
| | १३ | मालपोत | ४५,७९ | ३५,०० | ४४,९१ |
| | १४ | भन्सार | १५,८० | .१३,५० | २०,५३ |
| | १५ | अन्तःशुल्क | ५० | ४० | ७१ |
| | १६ | कर | २,३७ | २,१४ | ३,८९ |
| | १७ | रोडशेष | × | × | १,४५ |
| | १८ | आयकर अदालत | × | × | ४,३१ |
| आर्थिक प्रशासन र योजना | | | | | |
| | १९ | तथ्याँक | १,१४ | १,०१ | १,१८ |
| | २० | सर्भे | ७२ | ७२ | ६८ |
| | २१ | टक्सार | ९,७५ | ८,७५ | १३,१६ |
| | २२ | ए. ज. अफिस | ५,६२ | ५,६० | ५,७० |
| ५. न्याय प्रसाशन | | | | | |
| | २३ | अदालत | ३३,२२ | २४,९० | २२,०१ |
| | २४ | एटर्नी जनरल | ३,८६ | २,०० | ३,३८ |
| ६. वैदेशिक सेवा | | | | | |
| | २५ | वैदेशिक | ४९,३४ | ४९,३४ | ५३,०१ |
| | २६ | विविध | × | × | १५,११ |
| ७. सामाजिक सेवा | | | | | |
| | २७ | शिक्षा | ५४,४२ | ४२.४७ | ६९,२८ |
| | २८ | स्वास्थ्य | २४,३४ | २३,०० | २३,८० |
| | २९ | प्रचार तथा प्रसार | १२,४१ | १२,२० | १०,४८ |
| | ३० | राष्ट्रिय निर्देशन | १०,५८ | १०,५८ | ३४,६९ |
| | ३१ | पञ्चायत विकास | २६ | २६ | ३१ |
| ८. आर्थिक सेवाहरू | | | | | |
| | ३२ | कृषि | १६,८५ | ९,८१ | ६६,७८ |
| | ३३ | वन | ४०,९७ | २६,०० | ४८,३५ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | |
|---|---|---|---|---|
| ३४ | उद्योग वाणिज्य | २१,४८ | २०,१५ | ३,०० |
| ३५ | संचार | ३२,२१ | २८,८४ | ४५,४४ |
| ३६ | यातायात | २५,४४ | १५,०० | ४४,११ |
| ३७ | बिजुली | ८,६८ | १२,६८ | ७,३६ |
| ३८ | निर्माण | ४२,८७ | ३७,४४ | १,२७,०२ |
| ३९ | लगानी ऋण तथा व्याज | × | × | ५,०० |
| ९. | **रक्षा** | | | |
| ४० | रक्षा | १,७५,१६ | १,७५,१६ | २,८७,५० |
| १०. | **विविध** | | | |
| ४१ | शाही परिवार तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | १०,०० | १०,०० | १२,०० |
| ४२ | पेन्सन भत्ता उपदान | २२,०० | २२,०० | २४,५० |
| ४३ | अतिथि सत्कार | ५० | ५० | १,०० |
| ४४ | आकस्मिक सहायता चन्दा र पुरस्कार | २,५० | २,५० | २,५० |
| ४५ | पुनः मतदान | १५,०० | ९,०० | १०,०० |
| ४६ | मुआवजा | १५,७५ | १०,०० | ३०,०० |
| ४७ | अन्य आकस्मिक खर्च | × | × | २९,०० |
| ४८ | भै परिआउने | ५४,०० | ५४,०० | ५५,०० |
| | शाही वायुयान विभाग | १८,४० | १८,४० | × |
| | विविध शीर्षकका अरू रकमहरू | १,०२,६० | ८०,६० | × |
| | आकस्मिक कोष सोध भर्ना | २१,०० | २१,०० | × |
| | भूमि सुधार | ६९ | ६९ | × |
| | संचय कोष | ६२ | ६२ | × |
| | | ११,५३,८४ | १०,३५,०० | १४,०८,६५ |

मुद्रण विभाग, सिंहदरबार

980

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"ङ"

# अनुसूची २

## २०१९।२० को व्यय अनुमान
## विकासतर्फ

ने. रु. हजारमा

| मुख्य शीर्षक | अनुदान संख्या | शीर्षक | २०१८।१९ को अनुमान | २०१८।१९ को संशोधित अनुमान | २०१९।२० को अनुमान |
|---|---|---|---|---|---|
| ४ आर्थिकप्रशासन योजना | १ | तथ्यांक | २५,०० | १८,५८ | २०,१६ |
| | २ | सर्भे | २४,४९ | २४,२१ | २५,१२ |
| | ३ | एकाउन्टेन्ट तालीम योजना | ३,०० | १,८१ | २,५२ |
| ७ सामाजिक सेवाहरू | ४ | शिक्षा | १,२६,४३ | ९०,४२ | १,६३,०६ |
| | ५ | स्वास्थ्य | १,१७,२२ | ६६,७७ | १,०८,९० |
| | ६ | प्रचार प्रसार | १४,४२ | ९,१८ | ९,८६ |
| | ७ | पंचायत | २,१८,६९ | १,०३,९९ | ७१,६३ |
| ८ आर्थिक सेवाहरू | ८ | कृषि | १,१३,०८ | ६०,५९ | १,१०,२७ |
| | ९ | वन | ३५,४० | २७,३५ | ४६,५९ |
| | १० | उद्योग वाणिज्य | १,८७,७९ | ९२,६७ | २,०२,६८ |
| | ११ | संचार | १४,३२ | १५,०७ | १७,३५ |
| | १२ | यातायात | १,२९,९० | १९,३१ | १,३०,५८ |
| | १३ | बिजुली | २,४३,०४ | ९५,१८ | २,४०,०५ |
| | १४ | निर्माण | ६,०६,०६ | २,२९,७३ | ३,५०,०८ |
| | १५ | लगानी | × | × | ३५,५२ |
| | १६ | इञ्जिनियरिंग | ८,३३ | २,४४ | ६,६२ |
| १० विविध | १७ | पुन.मतदान | २२,६१ | ३,६८ | १०,०० |
| | १८ | भै परिआउने | | | ५,०० |
| | १९ | योजना (आर्थिक) | | | १,१९ |
| | २० | प्रशासन सुधार | | | १२,५० |
| | २१ | निर्माण संचार विकास योजना | | | १५ |
| | | | १८,८९,७८ | ८,६१,५८ | १५,६९,८३ |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# अनुसूची

विदेशी मुद्राको आम्दानी

| विषय | २०१८।१९ को संशोधित अनुमान | | | २०१९।२० अनुमानित | | |
|---|---|---|---|---|---|---|
| | पाउण्ड ष्टर्लिङ० | डलर | स्वीसफ्रेंक | पाउण्ड ष्टर्लिङ० | डलर | स्वीसफ्रेंक |
| १. अदृश्य निर्यात | ६,५२,४६५।– | ६२,१६२।– | १,०४७।– | ७,३५,०००।– | ५०,०००।– | × |
| २. दृश्य निर्यात | ३,१६, ७९७।– | × | × | ११,१६,०००।– | × | × |
| ३ नेपालस्थित विदेशी दूतावास खर्च | ५१,०४६।– | १२,१२१।– | × | ६६,०००। | १७,०००।– | × |
| ४. विदेशी सहायता | १६,२६२।– | १,१४,५४५।– | ८,०८,८८५।– | ३,००,०००।– | १,००,०००।– | २,००,०००।– |
| ५. विविध | ६४,४४२।– | ८,६४,८०५।३० | ३,०२,३०२।– | ८०,०००।– | ६०,०००।– | १५,०००।– |
| | १४,०४,०७२।– | १०,८३,६३३।३० | ११,१२,२३४।– | २३,००,०००।– | ५,५७,०००।– | २,१५,०००।– |
| बराबर ने. रू. | २,६६,०६,७३३।६० | ८२,३५,६१३।०८ | १६,५७,५३१।८४ | ४,८६,६०,०००।– | १६,५३,२००।– | ३,७८,०००।– |
| | जम्मा ने.रू. | ४,००,६६,८७८।५२ | | | जम्मा ने. रू. | ५,१३,२१,६।००– |

मुद्रण विभाग सिंहदरबार

विदेशी मुद्राको खर्च

| बिषय | २०१८।१९ संशोधित अनुमान | २०१९।२० अनुमानित |
|---|---|---|
| १. राजनैतिक कूटनैतिक | ५०,५२,८५३।७० | ५४,५६,२०८।५२ |
| २. विकासः– | | |
| (क) औद्योगिक | ८०,३४,५७२।८७ | ८८,४३,२००।– |
| (ख) अन्य विकास | ३४,८६,७८६।१४ | ८८,२२,३०६।९२ |
| ३. जगेडा | ५०,००,०००।– | ५०,००,०००।- |
| ४. अदृश्य आयात | ३,०६,७८४।५० | १०,५०,०००।– |
| ५. उपभोग्य वस्तु | ४,२५,७३५।२१ | १५,००,०००।– |
| ६. विविध | २०,६६,७०१।७८ | ४६,५२,३८२।८० |
| | २,४३,७६,४३४।२० | ३,५३,२४,०९८।२४ |

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव,
अर्थ मन्त्रालय।

श्री ५ को सरकार

## अर्थ मन्त्रालय, मालपोत विभागको

## सूचना

श्री ५ को सरकारले थप (जग्गा) कर ०१९ सालको आर्थिक सालदेखि माफि दिएकोले आर्थिक ऐन २०१८ को दफा ६ बमोजिम असूल गरिएको रकम अरू करहरू बुझाउँदा हिसाब मिलाइनेभएकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले–
डा. यादवप्रसाद पन्त
श्री ५ को सरकारको सचिव
अर्थ मन्त्रालय।

गोरखापत्र छापाखानामा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।